


छोरीको भविष्य सुरक्षित बनाऔं,
पाठेघरको मुखको क्यान्सर विरुद्धको एच.पि.भि. खोप अनिवार्य लगाऔं ।

# पाठेघरको मुखको क्यान्सरबाट बचाऔं

## किन लगाउने ?

- नेपालमा पाठेघरको मुखको क्यान्सर महिलाहरूको मृत्यूको प्रमुख कारण रहेको र प्रतिदिन ४ जना महिलाको मृत्यू भइरहेको छ ।
- यो खोपले ह्युमन प्यापिलोमा भाइरस (HPV) बाट हुने खतरनाक पाठेघरको मुखको क्यान्सर हुनबाट बचाउँछ ।
- किशोरीको लागि अत्यन्तै प्रभावकारी सुरक्षित र भरपर्दो छ ।
- यो क्यान्सर रोक्न सकिने खोप हो, खोप नै यसको उत्तम उपाय हो, खोप नि:शुल्क पाइन्छ ।

## कसले, कहाँ र कहिले लगाउने ?

- हाल कक्षा ६ मा अध्ययनरत र विद्यालय नजाने १० वर्षका किशोरीहरू साथै गत वर्ष खोप लागउन छुटेका हाल कक्षा ७ देखि १० सम्ममा अध्ययनरत र विद्यालय नजाने ११ देखि १४ वर्षका किशोरीहरू
- यो खोप विद्यालय र नजिकको स्वास्थ्य संस्थामा पाइन्छ ।
- यो खोप कार्यक्रम यस जिल्लाको सबै स्थानीय तहमा यही माघ २५ देखि २९ सम्म संचालन हुँदैछ ।

## मुख्य सन्देश

- किशोरीलाई पाठेघरको मुखको क्यान्सर विरुद्धको HPV खोप अनिवार्य लगाउने र ३0 वर्षदेखि माथि उमेर समूहका महिलाहरूको पाठेघरको मुखको क्यान्सरको नियमित परीक्षण गर्नु पर्ने ।

**क्यान्सर रोगलाई परास्त गरौं, क्यान्सर मुक्त समाजको निर्माण गरौं ।**

कोशी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय, इलाम**

खोप निशुल्क पाइन्छ | खोप सुरक्षित हुन्छ | खोपले जीवन रक्षा गर्छ